आज मिति २०८३।०५।१० गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रह्यो।

उपस्थिति

क्र.स.	नाम, थर	पद	ठेगाना	हस्ताक्षर
१	श्री केशव कुमार श्रेष्ठ	नगर प्रमुख	बुद्धभूमि न.पा. १	
२	श्री मिरा थारु	उप प्रमुख	बुद्धभूमि न.पा. २	
३	श्री तेज बहादुर बस्नेत	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १	
४	श्री सुरज प्रताप राणा	वडा अध्यक्ष	बुद्धभूमि न.पा. २	
५	श्री गोविन्द प्रसाद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ३	
६	श्री सुसिल कुमार चौधरी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ४	
७	श्री रोम बहादुर थापा क्षेत्री	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ५	
८	श्री ऐलेन्द्र प्रसाद कुर्मी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ६	
९	श्री शालिकराम यादव	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ७	
१०	श्री कपिलदेव तिवारी	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ८	
११	श्री प्रमोद आचार्य	वडा अध्यक्ष	बुद्धभूमि न.पा. ९	
१२	श्री सन्दीप कुमार पान्डेय	वडा अध्यक्ष	बुद्धभूमि न.पा. १०	
१३	श्री कमला चौधरी	का. सदस्य	बुद्धभूमि न.पा. १	
१४	श्री शिवाली थारु	का. सदस्य	बुद्धभूमि न.पा. २	शिवाली
१५	श्री अनिता कुमारी पासी	का. सदस्य	बुद्धभूमि न.पा. ६	अनिता
१६	श्री विमला देवी कुर्मी	का. सदस्य	बुद्धभूमि न.पा. ८	बिमला
१७	श्री अनिता देवी यादव	का. सदस्य	बुद्धभूमि न.पा. ९	अनिता
१८	श्री प्रभावती लोहार	का. सदस्य	बुद्धभूमि न.पा. ७	प्रभावती
१९	श्री तारादेवी सुनार	का. सदस्य	बुद्धभूमि न.पा. ४	
२०	श्री कमलेश बरई	का. सदस्य	बुद्धभूमि न.पा. १०	
२१	श्री यमकान्त पाण्डेय	सदस्य-सचिव	बुद्धभूमि न.पा.	

बैठक नं. ३/२०८३।०८४

मिति :२०८३।०५।१० गते बिहान ८:०० बजे बसेको बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

निर्णयः मिति २०८३।०४।२८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने / गराउने निर्णय गरियो।

२. **भू-उपयोग परिषद्को निर्णय सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिकाको भू-उपयोग परिषदको मिति २०८३।०५।०९ गतेको निर्णयहरू अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

३. **एकीकृत घुम्ती शिविर सम्बन्धमा।**

निर्णय : सार्वजनिक सेवा प्रवाहलाई जनताको घरदैलो सम्म पुयाउने उद्देश्यले हरेक वर्ष सञ्चालन गरिने एकीकृत घुम्ती शिविर मिति २०८३ असोज दोस्रो हप्तादेखि सञ्चालन गर्ने साथै उक्त संञ्चालनको समय तालिका मिलाउन सम्बन्धित शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

४. **संर्प उद्दार सामग्री खरिद सम्बन्धमा।**

निर्णय : यस नगरपालिका क्षेत्रभित्र सर्वसाधारण नागरिकहरूलाई विषालु तथा अन्य सर्पको डसाइ र जोखिमबाट जोगाउन, मानवीय तथा वातावरणीय क्षति न्यूनीकरण गर्न र सुरक्षित रूपमा सर्पको उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि आवश्यक पर्ने सर्प उद्धार सामग्रीहरू(प्याकेज) थान -२० (जस्तै: स्नेक हुक, सुरक्षित ब्याग, पञ्जा, गमबुट, टर्चलाइट, रेस्क्यु बक्स आदि) खरिद गर्नुपर्ने आवश्यक देखिएकोले विपद् व्यवस्थापन कोष शिर्षकबाट खरिद गर्ने। साथै विपद् व्यवस्थापन पूर्व तयारी तालिम सम्पन्न भए पश्चात सहभागीहरूलाई उक्त सामग्रीहरू हस्तान्तरण गर्ने निर्णय गरियो।

५. **विविध।**

क) **सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा।**

निर्णय : आ.व. २०८३।०८४ मा सामाजिक सुरक्षा नवीकरण गर्न योग्य लाभग्राही मध्ये ८८५८ जना लाभग्राहीहरूको नवीकरण सम्पन्न भएको र बाँकी लाभग्राहीहरूको नवीकरण भाद्र मसान्त भित्र सक्ने गरी व्यवस्था मिलाउन वडालाई जानकारी गराउने निर्णय गरियो।

ख) **एग्रीवस्तु कोल्ड स्टोरेजको प्रतिवेदन सम्बन्धमा।**

निर्णय : बुद्धभूमि नगरपालिका वडा नं. १०, जनकपुरमा अवस्थित एग्रीवस्तु कोल्ड स्टोरेजले यस अगावै प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गरी स्टोरेज स्थापना गरेकोमा हाल केही जग्गा थप गरी विस्तार गर्न लागेको भनी पेश हुन आएको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

कमलकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ग) **वडा नं. ९ को वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : आ.व. २०८३।०८४ मा बार्षिक योजना पुस्तिकाको वडा नं. ९ तर्फको योजनाको पेज नं. ५७ सि.नं १३ मा उल्लेखित शिर्षकबाट वडा कार्यालय व्यवस्थापनको लागि आगामी नगरसभाबाट अनुमोदन हुने गरी बजेट रकामान्तर गर्ने निर्णय गरियो ।

तपसिलः

क्र.स.	भएको योजनाको नाम	रकम	संशोधित योजनाको नाम	रकम
१	वडा स्तरीय मर्मत सम्भार	७,००,०००।	वडा कार्यालय व्यवस्थापन	४,००,०००।
२			वडा स्तरीय मर्मत सम्भार	३,००,०००।
	जम्मा	७,००,०००।	जम्मा	७,००,०००।

घ) **जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम सम्बन्धमा ।**

निर्णय : घरपझोङ गाउँपालिकाको पहलमा नेपाल सरकार, प्रदेश सरकार, भगिनी स्थानीय तहहरू, मुस्ताङ जिल्लाका छिमेकी स्थानीय तहहरू र अन्य विभिन्न सहयोगी निकायहरू समेत सहयोगमा नेपालको ७५३ वटै स्थानीय तहका प्रमुखज्यूहरू तथा अध्यक्षज्यूहरूको सहभागिता र जलवायू क्षेत्रका विज्ञहरूको उपस्थितिमा मिति २०८३ भाद्र ३० र ३१ गते घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को आयोजना गर्न लागेको सम्बन्धमा जानकारी प्राप्त भयो उक्त सम्मेलनमा निमन्त्रणा बमोजिम सहभागिता जनाउने निर्णय गरियो ।

ङ) **भूमि समस्या समाधान समितिको सम्बन्धमा ।**

निर्णयः भूमि समस्या समाधानको लागि वडा कार्यालयबाट अनुसूची ७ र ७ (क) अनुसार सूचना प्रकाशन भएकोमा वडा कार्यालय सहजीकरण समितिबाट निर्णय गराई नगर भूमि समस्या सहजीकरण समिति मार्फत नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

च) **अध्ययन पूर्व सहमति सम्बन्धमा ।**

निर्णयः बुद्धभूमि नगरपालिकाको हरिहरपुर स्वास्थ्य चौकीमा कार्यरत जनस्वास्थ्य निरीक्षक बाबुराम पन्थीले Bachelor in Public Health (BPH) अध्ययनको लागि प्रवेश परीक्षामा सहभागी हुन आवश्यक कागजात सहित अध्ययन पूर्व सहमतिको लागि अनुरोध गरेकोमा प्रवेश परीक्षामा सहभागीताको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

रामकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख